राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
...तपाईंको आफ्नै बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत प्राप्त संस्था

# राष्ट्रिय वाणिज्य बैंक

## प्रमुख कार्यकारी अधिकृतको कार्यालय

सिंहदरबारप्लाजा, काठमाडौं

मिति : २०८२/०५/०५

## प्रेस विज्ञप्ती

### राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल नेपाल टेलिकमबीच सम्झौता




आज मिति २०८२ भाद्र ५ गते बिहिबार  राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल दुरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम)बीच निबृत्तिभरण खाता, तलबी बचत खाता तथा पेशाकर्मी सरल कर्जा सञ्चालन सम्बन्धी सम्झौता-पत्रमा हस्ताक्षर भएको छ। नेपाल टेलिकमको प्रधान कार्यालयमा आयोजित एक कार्यक्रमकाबीच उक्त सम्झौता–पत्रमा नेपाल टेलिकमका तर्फबाट प्रबन्ध निर्देशक श्री सविना मास्के प्रधान र

राष्ट्रिय वाणिज्य बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री देवेन्द्र रमण खनालले हस्ताक्षर गर्नु  भएको छ ।

सम्झौता-पत्रमा उल्लेख भए अनुसार राष्ट्रिय वाणिज्य बैंकले नेपाल टेलिकमका निबृत्त कर्मचारीहरुका लागी पेन्सन खाता सञ्चालन गर्नुका साथै कार्यरत कर्मचारीहरुका लागि तलबी बचत खाता तथा पेशाकर्मी सरल कर्जा र अन्य सेवासुविधा उपलब्ध गराउनेछ ।

वि. सं २०२२ साल माघ १० गते स्थापना भएको राष्ट्रिय वाणिज्य बैंकले हाल ३ सय १० वटा शाखा कार्यालयहरु, ३१२ एटिएम, ९९ वटा शाखा रहित बैंकिङ सेवा र ७३ वटा एक्स्टेन्सन काउन्टर मार्फत ७७ वटै जिल्लामा करिव ४७ लाख भन्दा बढि सेवाग्राहीलाई सेवा प्रवाह गर्दै आईरहेको छ । बैँक आफ्नो सेवालाई समय सापेक्ष बनाउँदै प्रविधिमा आधारित वित्तीय समावेशीकरण र दिगो बैंकिङ सेवा विकासमा केन्द्रित रहेको छ ।



............................

पवन रेग्मी

उपकार्यकारी अधिकृत तथा सूचना अधिकारी